# अल्पसंख्यक जातिहरुको समानता प्रोत्साहन गर्न विद्यमान तथा योजनावद्ध उपायहरू

## शिक्षा

यो सरकार गैर चिनियाँ-भाषा बोल्ने (NCS) विद्यार्थीहरु[1] को प्रारम्भिक एकीकरणलाई (विशेष अल्पसंख्यक जाति) EM) विद्यार्थीहरूको( स्थानीय शिक्षा प्रणाली र चिनियाँ भाषामा दख्खलमा सहजिकरण सहितका समुदायना प्रोत्साहन र सहयोग गर्न प्रतिबद्ध छ । सबै योग्य बच्चाहरू, तिनीहरूको जाति वा जन्म स्थानहरूको बाबजुद, सम्बन्धित स्कूल स्थानहरू विनियोजन प्रणाली अन्तर्गत सार्वजनिक क्षेत्रका स्कूलहरूको प्राथमिक एक र माध्यमिक एकमा प्रवेशको लागि समान अवसरहरूको आनन्द लिन्छन् । 2014 बाट सुरू हुने, शिक्षा ब्यूरो (EDB) ले NCS विद्यार्थीहरूलाई चिनियाँ भाषाको आफ्नो प्रभावकारी सिक्ने सुविधा र विद्यालयहरुमा एक समावेशी शिक्षाका वातावरण सिर्जना गर्न परिस्कृत समर्थन उपायहरूको श्रृंखला सहायता कदम लागू गरेको छ । यो नीतिको मनसाय NCS विद्यार्थीहरूको अभिभावकलाई आफ्ना बच्चाहरूलाई चिनियाँ भाषामा चाँडै नै दख्खल बनाउन सजिलो बनाउन चिनियाँ भाषाको वातावरणमा स्कुलमा अध्ययन गर्न व्यवस्था गर्न प्रोत्साहित गर्नु हो । प्रमुख सहायता उपायहरू निम्नानुसार छन्:

### "चिनीया भाषा पाठ्यक्रम दोस्रो भाषा अध्ययन ढाँचा"

| | |
|---|---|
| सम्बन्धित सेवाहरु | • "चिनीया भाषा पाठ्यक्रम दोस्रो भाषा अध्ययन ढाँचा" ("सिक्ने रुपरेखा"), जुन शिक्षक र भाषा विज्ञहरूको परामर्शमा तयार पारिएको थियो, 2014/15 देखि NCS विद्यार्थीहरूलाई चिनियाँ भाषालाई दोस्रो भाषाको रूपमा सिक्नमा कठिनाईहरू नबनाई उनीहरूको लामो प्रवाहमा चिनियाँ भाषा कक्षामा पुल |

[1] शैक्षिक सहयोग उपायहरूको योजनाको लागि, विद्यार्थीहरू जुन घरमा बोल्ने भाषा चिनियाँ हुँदैनन् उनीहरूलाई एनसीएस विद्यार्थीको रूपमा वर्गीकृत गरिएको छ।

निर्माण गर्ने मुख्यधारामा सुविधा प्रदान गर्नका लागि स्कूलदेखि प्राथमिक विद्यालय र माध्यमिक विद्यालयहरूमा लागू गरिएको छ ।

विद्यमान उपायहरू

*"सिक्ने रूपरेखा"*

- दोस्रो भाषा अध्ययन गर्नेहरूको दृष्टिकोणबाट विकास गरिएको "सिक्ने रूपरेखा" सुव्यवस्थित उद्देश्यहरू र अपेक्षित अध्ययन परिणामहरूको संग्रह प्रदान गर्दछ जसले चिनी भाषा नबोल्ने विद्यार्थीहरूको विभिन्न अध्ययन चरणहरु अध्ययन विकासको व्याख्या गर्दछ । यो चिनी भाषा नबोल्ने विद्यार्थीहरूको अध्ययन प्रभावकारिताको सोधर गर्न शिक्षकहरूलाई प्रगतिशील अध्ययन लक्ष्य, अध्ययन प्रगति र अपेक्षित अध्ययन परिणामहरू तय गर्न सहयोग गर्नको निम्ति हो ।

- पाठ्यक्रम योजना, सिकाई र शिक्षण र मूल्यांकनमा शिक्षकहरूलाई सहयोग गर्न, EDB ले विविध शिक्षा र शिक्षण संसाधनहरू पनि विकास गर्दैछ जस्तै "NCS विद्यार्थीहरूका लागि चिनियाँ भाषा मूल्यांकन उपकरण" र स्कूलहरूका लागि सहायक सामाग्री । यी स्रोतहरू EDB वेबपृष्ठमा अपलोड गरिएको छ र लगातार अपडेट हुनेछ । अरू मध्ये EDB ले विद्यार्थी पाठ्यपुस्तकहरू, कार्यपुस्तिका र शिक्षण सन्दर्भ सामग्रीहरू सहित शिक्षकहरूको सन्दर्भ र प्रयोगको लागि निम्न प्राथमिक स्तर (अर्थात् प्राथमिक 1 देखि 3) NCS का द्यार्थीहरूको लागि उपयुक्त सिक्ने र शिक्षण सामाग्रीहरूको एक श्रृंखला विकसित गरेको छ । श्रृंखला थप माथिल्लो प्राथमिक तहहरूमा विस्तार गरिनेछ (अर्थात् प्राथमिक 4 देखि 6)। माथि उल्लिखित शिक्षा र शिक्षण सामाग्रीको अतिरिक्त, "सिक्ने रुपरेखा" को कार्यान्वयनमा स्कूलको अनुभवहरूको आधारमा, यो पत्ता लाग्यो कि "सिक्ने रुपरेखा" को स्तर 2 र

3 को NCS विद्यार्थीहरू (जस्तै प्राथमिक 3 र 4 सामान्यतया) चिनियाँ भाषा सिक्नको सबैभन्दा गम्भिर चरणमा छन् । यसलाई ध्यानमा राख्दै, EDB ले प्राथमिक विद्यालयहरूको सहयोगमा विकासको लागि एउटा क्षेत्रगत संस्था पनि गठन गरेको छ, "पाठ्यपुस्तकहरू" को आठ सेट "सिक्ने रुपरेखा" को स्तर 2 र 3 मा राखिएको छ । प्राथमिक 3 र 4 मा सामान्यतया NCS विद्यार्थीहरूको लागि उपयुक्त "पाठ्यपुस्तकहरू" का आठ सेटहरू प्रकाशित गरिएको छ, NCS विद्यार्थीहरू र उनीहरूको स्कूलमा वितरण गरियो र EDB वेबपृष्ठमा अपलोड गरियो ।

*शिक्षकहरूको व्यावसायिकतामा विकास*

- चिनी नबोल्ने विद्यार्थीहरूलाई पढाउने सम्पूर्ण शिक्षकहरूलाई यथोचित तालिमका अवसरहरू प्रदान गरिएको छ । शिक्षकहरूको चिनियाँ भाषा दोस्रो भाषाको रुपमा पठाउने व्यावसायिक क्षमतामा विकास गर्न र उनीहरूको सांस्कृतिक तथा धार्मिक संवेदनशीलतामा उठान गर्न पाठ्यक्रम योजना र सिक्ने रूपरेखा, अध्ययनको मूल्यांकन र दोस्रो भाषा अध्ययन तथा अध्यापन रणनीति संलग्न रहेको विविधता र उच्च व्यावसायिक विकास कार्यक्रम आयोजना गरिन्छ ।

- यसबाहेक, भाषा कोष अन्तर्गत चिनियाँ भाषा शिक्षकहरूका लागि व्यावसायिक संवर्द्धन अनुदान योजना (दोस्रो भाषाको रूपमा चिनियाँ भाषा सिकाउने) 2014 देखि चिनियाँ भाषा शिक्षकहरूको दोस्रो भाषाको रूपमा चिनियाँ भाषा सिकाउनको व्यावसायिक क्षमता अभिवृद्धि गर्न शुरू गरिएको छ । यो परिकल्पना गरिएको छ कि शिक्षकहरूले मान्यता प्राप्त कार्यक्रमहरूको अनुसरण गर्न निरन्तर माग गर्न सक्दछन जसले आवश्यक शैक्षिक ज्ञान र सीपहरूसँग अझ राम्रोसँग

सुसज्जित हुन आवश्यक छ, यस योजनालाई 2021/22 स्कूल वर्षसम्म विस्तार गरिएको छ। योग्य शिक्षकहरुलाई अनुदानको लागि आवेदन दिन प्रोत्साहित गर्न, अधिकतम आधारभूत अनुदान दर 30% बाट 50% बढाइएको छ (अर्थात् $ 34,000 बाट $ 64,000) प्रति योग्य शिक्षक 2019/20 स्कूल वर्षबाट सुरु गरिएको छ ।

- अन्य कार्यक्रम / पाठ्यक्रमहरूबिच हङकङको शिक्षा विश्वविद्यालयद्वारा आयोजित ५- हप्ताको "NCS विद्यार्थीहरूको लागि चिनियाँ भाषाको शिक्षामा व्यावसायिक विकास कार्यक्रममा प्रविणता प्रमाणपत्र" चिनियाँ भाषा शिक्षकहरूको लागि प्राथमिक र माध्यमिक विद्यालयहरूमा NCS विद्यार्थीहरूलाई सिकाउन जारी राख्नुहोस् ।

- यसबाहेक, NCS विद्यार्थीहरूको हेरचाह गर्न शिक्षकहरूको सांस्कृतिक र धार्मिक संवेदनशीलता बढाउन, EDB ले समान अवसर आयोगको सहयोगमा वार्षिक साझा सत्रहरूको आयोजना गर्दछ । राम्रो अभ्यासको साझेदारीको माध्यमबाट शिक्षकहरूलाई विशेष गरी दैनिक शिक्षण र प्रशासनमा व्यावहारिक कठिनाइहरू पार गर्न सक्षम बनाउँदछन् र NCS विद्यार्थी र चिनियाँ भाषी विद्यार्थीहरू दुवैलाई स्कूलमा उनीहरूको संस्कृति र रीतिथितिहरूमा भिन्नताका साथ निष्पक्ष व्यवहार गर्छन् ।

*विद्यालय लगानी सहयोगको वृद्धि*

- 2014/15 को विद्यालय बर्षबाट शुरु भएर EDB ले विद्यालयहरुका लागि हालै प्रति बर्ष $200 मिलियन थप फन्डिंग थप गरेको छ। स्थानीय पाठ्यक्रम अफर गर्ने र १० वा सो भन्दा बढी NCS विद्यार्थीहरु भर्ना गर्ने सम्पूर्ण

सार्वजनिक क्षेत्रका विद्यालय र डाइरेक्ट सब्सिडी स्किम (DSS) स्कुलहरुलाई विद्यालयमा "लर्निंग फ्रेमवर्क" कार्यन्वयन गर्ने र सिकाइमा समावेसी वातावरण सिर्जना गर्ने कुरामा आधारित भएर 0.8 मिलियन देखि 1.5 मिलियन डलर प्रतिवर्ष थप फन्डिंग प्रदान गरिन्छ । "NCS विद्यार्थीहरुका लागि चिनियाँ भाषा जाँच औजार" को परिणाममा आधारित भएर सम्बद्ध विद्यालयहरुलाई "सिकाई फ्रेमवर्क" मा वर्णन गरिएका सिकाई प्रगतिहरु एवं तिनका NCS विद्यार्थीहरुको सिकाई प्रगति जस्ता सन्दर्भ सहित सिकाई लक्ष्यहरु र शिक्षण रणनीतिहरु समायोजन गर्ने तथा NCS विद्यार्थीको चिनियाँ भाषा सिकाइ सम्बन्धि प्रभावकारिता सुधार गर्न पुल आउट सिकाइ, सिकाइ कक्षा/समूह विभाजन, स्कुलपछिको भेट जस्ता उचित वृहत र विविधतापूर्ण शिक्षण सिकाइ ढांचा अवलम्बन गर्न पनि अनुरोध गरिन्छ । सम्बद्ध विद्यालयहरुले NCS विद्यार्थीका अविभावकहरुसंगको संचारलाई बलियो बनाउन र बहु-सांस्कृतिक गतिविधिहरु आयोजना गर्न EM सहायक नियुक्ति र/अथवा अनुवाद सेवा प्रदान गर्न सक्छ ।

- विद्यालयहरूलाई NCS विद्यार्थीहरूको मुट्ठीभर (अर्थात् एक देखि नौ) भर्नाका लागि, उनीहरूको NCS विद्यार्थीहरूले स्कूलको विसर्जित चिनियाँ भाषा वातावरण साथै "सिक्ने रुपरेखा" बाट फाईदा लिन सक्छन् । 2014/15 स्कूल वर्षदेखि, यी विद्यालयहरूले थप $ 50,000 को अतिरिक्त कोषको लागि पनि आवश्यक पर्ने आधारमा आवेदन गर्न सक्दछन् जुन प्रस्ताव उनीहरूको NCS विद्यार्थीहरूले कक्षामा सिकेका छन् भनेर एकीकृत गरेर स्कूल पछिको चिनियाँ भाषा सहायता कार्यक्रमहरूको आवश्यकताको आधारमा प्रदान गरिएको हुन्छ । यी विद्यालयहरूमा NCS विद्यार्थीहरूले NCS विद्यार्थीहरूको लागि अन्य सहायता उपायहरूबाट पनि फाइदा

लिन्छन् ।

*विद्यालयमा आधारित व्यावसायिक सहयोग सेवाहरू*

- EDB ले विविध स्कूल-आधारित सहायता सेवाहरू प्रदान गर्दछ जसले स्कूलहरूलाई उनीहरूको स्कूल-आधारित पाठ्यक्रम अनुकूलन गर्न र" सिक्ने रुपरेखा "लाई सन्दर्भ बनाएर उपयुक्त शिक्षा र शिक्षण सामग्री विकास गर्न मद्दत पुऱ्याउँछ । NCS विद्यार्थीहरूलाई प्रभावकारी रूपमा चिनियाँ भाषा सिक्नका लागि मद्दत गर्न व्यावसायिक शिक्षा समुदायहरूको निर्माण र स्कूलहरूको बीचमा अनुभव साझेदारी गर्ने सुविधाको माध्यमबाट, शिक्षकहरूको व्यावसायिक क्षमता अभिवृद्धि हुन्छ । प्रत्येक वर्ष, स्कूलहरूले उनीहरूको विकास आवश्यकताहरू अनुसार प्रासंगिक सहायता सेवाहरूको लागि आवेदन दिन सक्दछन् ।

| | |
|---|---|
| भविष्यको कामको लेखाजोखा | • EDB ले निरन्तरताको आधारमा NCS विद्यार्थीहरूको लागि विभिन्न सहायता उपायहरूको प्रभावकारिताको समीक्षा र मूल्यांकन गर्दछ, र आवश्यक उपायहरू परिष्कृत गर्दछ । हामी शिक्षण उद्देश्यहरू, पाठ्यक्रम योजना, शिक्षण सामाग्री र स्कूलले अपनाएको शिक्षण रणनीति, भाषा दक्षता र एनसीएस विद्यार्थीहरूको सिकाउने प्रेरणा र प्रभावकारी सिकाउनका लागि योगदान पुऱ्याउने अन्य कारकहरू हेर्नेछौं । |
| उठाईएका/उठाइने अतिरिक्त कदमहरु | • EDB ले सरोकारवालाहरु बाट विचारहरु संकलन गर्न जारी राख्नेछ र उचितता अनुसार सहायता उपायहरुको परिष्करणलाई ध्यान दिनेछ । |

**विभिन्न माध्यममा अभिव्यक्ति**

सम्बन्धित सेवाहरू

- NCS विद्यार्थीहरूले आफ्नो आवश्यकता र आकांक्षाहरूलाई ध्यानमा राखी हङकङ डिप्लोमा अफ माध्यमिक शिक्षा परीक्षा (HKDSE) (चिनियाँ भाषा) को लागि रोज्न सक्छन्, वा एप्लाइड लर्निङ चिनियाँ (NCS विद्यार्थीहरूको लागि) (ApL(C)) अध्ययन गर्न सक्छन्, र/वा थप अध्ययन र क्यारियर अनुसरणहरूको लागि तयारी गर्न वरिष्ठ माध्यमिक तहमा अन्तर्राष्ट्रिय मान्यता प्राप्त वैकल्पिक चिनियाँ भाषा योग्यताहरू प्राप्त गर्नुहोस् ।

विद्यमान उपायहरू *(ApL(C))*

- 2014/15 स्कुल वर्षदेखि सुरु हुनेगरि, ApL(C) को परिचय योग्यता फ्रेमवर्क स्तर १ देखि ३ सम्ममा NCS विद्यार्थीहरूलाई वरिष्ठ माध्यमिक स्तरमा थप च्यानलको साथ वैकल्पिक चिनियाँ भाषा योग्यता प्राप्त गर्न थप अध्ययनको लागि र क्यारियर खोजको लागि उनीहरूलाई तयारी प्रदान गर्दछ । ApL(C) परिणामहरू HKDSE मा "प्राप्त" र "विशिष्ट श्रेणीको साथमा प्राप्त" को रूपमा छोटो रिपोर्ट ।

*वैकल्पिक चिनिया भाषा योग्यता*

- वैकल्पिक चिनियाँ भाषा योग्यता अन्तर्गत जेनेरल सर्टिफिकेट अफ सेकेण्डरी एजुकेसन (GCSE), इन्टरनेशलन जेनेरल सर्तिफेकेट अफ सेकेण्डरी एजुकेसन (IGCSE) तथा जेनेरल सर्टिफिकेट अफ एजुकेसन (GCE) एडभान्स्ड सब्सिडीयरी (AS-Level) र GCE एडभान्स (A-Level) पर्दछन् । अहिले यी परिक्षामा बस्ने योग्य NCS[2]

[2] खासगरी यी NCS विद्यार्थीहरु निम्न उल्लिखित कुराहरुसहित चिनियाँ भाषा सिकेका छन्-

(a) प्राथमिक र माध्यमिक शिक्षा हासिल गर्दैगर्दा छ बर्ष भन्दा कम वा

(b) विद्यालय मै छ वर्ष भन्दा बढी तर स्थानीय विद्यालयका बहु-संख्यक विद्यार्थीहरुलाई लागु नहुने सहज पाठ्यक्रम पढाईएको ।

विद्यार्थीहरुले HKDSE सहित (चिनियाँ भास्मामा) “छुटसहितको परिक्षा शुल्क” मात्र तिर्नु पर्दछ ।

*अन्य*

- चिनी भाषा नबोल्ने विद्यालय छोडेकाहरूको रोजगारमा सुधार ल्याउन, भाषा शिक्षा तथा अनुसन्धान तदर्थ समितिले 2016 मा चिनी भाषा नबोल्ने विद्यालय छाडेकाहरूका लागि व्यवसायिक चिनिया भाषा पाठ्यक्रम सुरु गरेको छ जुन योग्यता ढाँचाको १ वा २ तहको स्तरमा छ । सान्दर्भिक आवश्यकता पूरा गर्ने विद्यार्थीहरूले पढाइ शुल्कमा ८५ प्रतिशत सहायता प्राप्त गर्नेछन्।

| | |
|---|---|
| भविष्यको कामको लेखाजोखा | • वैकल्पिक चिनियाँ भाषा योग्यता र ApL (C) युनिभर्सिटी ग्र्यान्ट्स कमिटि (UGC) द्वारा सहयोग प्राप्त विश्वविद्यालयहरु र अधिकांस पोस्ट-सेकेण्डरी संस्थाहरुमा भर्ना हुने साधारण प्रवेश आवश्यकता पुरा गर्न योग्य छन् । |
| उठाईएका/उठाइने अतिरिक्त कदमहरु | • माध्यमिक शिक्षाको हंगकंग डिप्लोमा (चिनियाँ भाषा) को परीक्षा दिएका तर ३ तह वा सो भन्दा माथि पुग्न असफल चिनी भाषा नबोल्ने योग्य विद्यार्थीहरूको लागि विश्वविधालय सहयोग समितिको लगानी रहेको विश्वविद्यालयहरूले चिनियाँ भाषा आवश्यकतामा विवेक प्रयोग गर्नेछन् र उनीहरूको भर्ना निवेदनहरूलाई मामिलाको आधारमा विचार गर्नेछन् । |

**अन्य सहयोगका उपायहरू**

*चिनिया भाषा अध्ययन सहयोग केन्द्रहरू*

| | |
|---|---|
| सम्बन्धित सेवाहरु | • चिनी भाषा नबोल्ने विधार्थीहरू विशेषगरी ढिला सुरु गर्नेको चिनियाँ भाषा अध्ययनलाई सुदृढ गर्न विद्यालय पछि वा बिदाको दिनमा सुधारात्मक कार्यक्रमहरू 2007 को मध्यदेखि नै प्रदान गर्दै आइएको छ र शिक्षकहरूलाई व्यावसायिक सहयोग प्रदान गर्दै आइएको छ । |
| विद्यमान उपायहरू | • स्कुल बर्ष 2018/19 मा विश्वविद्यालय शैक्षिक संस्थाका लागि संचालित चिनियाँ भाषा सिकाइ सेवा केन्द्रहरु (केन्द्रहरु)ले 20 स्थलहरुमा निदानात्मक कार्यक्रमहरु अफर गरिरहने छन् । यी केन्द्रहरुले चिनियाँ भाषा शिक्षकहरु तथा NCS का विद्यार्थीका अविभावकहरुका लागि शैक्षिक सामग्री प्रदान गर्ने तथा तिनको चिनियाँ भाषा सिकाईका लागि कार्यशालाहरु संचालन गर्नेछन् ।<br><br>• केन्द्र मा भर्ना NCS विद्यार्थीहरूको संख्या 2018/19 स्कूल वर्ष करिब 810 थियो। |
| भविष्यको कामको लेखाजोखा | • चिनी भाषा नबोल्ने विद्यार्थीहरूको विद्यालय पछिको कार्यक्रम तथा शिक्षक र अभिभावकहरूको कार्यशालालाई बदलिँदो परिस्थिति ध्यानमा राखेर समिक्षा गरिन्छ साथै थप लगानी प्रदान गरिएका चिनी भाषा नबोल्ने विधार्थीहरूलाई भर्ना गर्ने विद्यालयको निम्ति विद्यालय पछि चिनियाँ भाषा अध्ययन गर्ने प्रावधानलाई समेत समीक्षा गरिन्छ । |
| उठाईएका/उठाइने अतिरिक्त कदमहरु | • शिक्षा ब्यूरोले विद्यमान कार्यक्रमहरू प्रदान गर्नको साथै आवश्यकता अनुसार परिष्कृत गर्ने कामलाई निरन्तरता दिनेछ । |

*ग्रीष्मकालीन सेतु कार्यक्रम*

| | |
|---|---|
| सम्बन्धित सेवाहरू | • समर ब्रिजिंग प्रोग्रामले NCS बालबालिकाहरुलाई नयाँ सिकाइ वातावरणमा घुलमिल हुन, तिनको सिकाइ अनुभव फराकिलो गर्न, वास्तविक कक्षाकोठा वातावरणमा क्यान्टोनिजको प्रयोग गर्न सिकाउन, की स्टेज १ मा उनीहरुले सिकेका कुरा की स्टेज २ का लागि तयार गराउन मद्दत गर्दछ । |
| विद्यमान उपायहरू | • 2007 को समरबाट शुरु गर्दै यो 4 हप्ते समर ब्रिजिंग प्रोग्रामले  नयाँ आउने NCS प्राथमिक 1 का विध्यार्थिलाई मात्र नभएर प्राथमिक 2, 3, र 4 मा NCS विद्यार्थीहरुलाई पनि समेट्ने छ ।<br><br>• सन् 2013 को समरबाट सुरु हुनेगरी यस समर ब्रिजिंग प्रोग्रामलाई परिष्कृत गर्दै गैर चिनिया भाषी विद्यार्थीहरूको बाबुआमाको पनि चिनिया भाषाप्रति सम्पर्क बढोस्, प्रयोग गर्न सकून् र आफ्नो छोराछोरीलाई पनि सिक्न सहयोग गर्न सकून् भन्ने दृष्टिले उनीहरूको छोराछोरीसँगै प्रोग्रामको समयमा साथ बस्न दिइन थालिएको छ ।<br><br>• सन् 2018/19 को स्कूल बर्षमा करिब 1260 गैर चिनिया भाषी विद्यार्थी र गैर चिनिया भाषीको 140  बाबुआमाले यस प्रोग्राममा सहभागिता जनाए । |
| भविष्यको कामको लेखाजोखा | • ग्रीष्मकालीन सेतु कार्यक्रमको समीक्षा वार्षिक रुपमा गर्ने गरिएको छ । |
| उठाईएका/उठाइने अतिरिक्त | • शिक्षा ब्यूरोले ग्रीष्मकालीन सेतु कार्यक्रमको आयोजनालाई निरन्तरता दिनेछ । |

कदमहरु

**प्रारम्भिक अनुकूलनको प्रवर्द्धन**

सम्बन्धित सेवाहरू

- चिनी भाषा नबोल्ने बालबालिकाहरूको अभिभावकलाई आफ्ना बालबालिकालाई स्थानीय बाल सदनहरूमा [3] पठाउनको लागि प्रोत्साहन गरिन्छ ताकि चिनियाँ वातावरणमा प्रारम्भिक अनावरण होस् जुन चिनी भाषा नबोल्ने बालबालिकाहरूको भाषा अध्ययन तथा मूलधारका प्राथमिक विद्यालयहरूमा सहयोगी हुन्छ ।

विद्यमान उपायहरू

*प्रारम्भिक शिशु शिक्षा केन्द्र*

- चिनी भाषा नबोल्ने बालबालिकाको अध्ययन र अध्यापनमा शिक्षकहरूको व्यावसायिक क्षमताको सुधार गर्न तथा उनीहरुको प्रारम्भिक शिशु शिक्षा देखि प्राथमिक विद्यालयहरूमा सहज रुपान्तर गर्न विद्यालयमा आधारित सहयोग सेवाहरू प्रदान गरिन्छ । प्रारम्भिक शिशु शिक्षामा रहेका चिनी भाषा नबोल्ने विद्यार्थीहरूको अध्ययन र अध्यापनसँग सम्बन्धित शिक्षक तालिम कार्यक्रमहरूको पनि सुधार गरिन्छ । शिक्षकहरूको व्यावसायिक क्षमतामा सुधार गर्न युवा विद्यार्थीहरूको विकास र प्रशिक्षार्थी विविधताबारे गोष्ठी/कार्यशालाहरूको आयोजना गरिन्छ ।

*अन्य*

- चिनी भाषा नबोल्ने बालबालिकाहरूको रमाइलो गतिविधिहरूद्वारा चिनियाँ भाषा अध्ययनलाई प्रोत्साहन गर्न जुलाई 2012 देखि गैरसरकारी संस्थाहरूसँगको

---

[3] किन्डरगार्टेन भन्नाले सबै किन्डरगार्टेनहरू, किन्डरगार्टेन सहितको बाल स्याहार केन्द्रहरू र किन्डरगार्टेन कक्षा भएका स्कूलहरू बुझाउँछ ।

सहकार्यमा जिल्लामा आधारित कार्यक्रम संचालन गरिंदै आइएको छ ।

- किन्डरगार्टेन भर्नाको सम्बन्धमा गैर चिनिया भाषी विद्यार्थीहरूको बाबुआमाका लागि वार्षिक रुपमा अंग्रेजी भाषामा खास ब्रिफिंग सेसनहरू चलाइनेछ (आवश्यकताअनुसार प्रमुख EM भाषाहरूमा व्याख्या पनि गरिनेछ) । यसैबीच गैर चिनिया भाषी बालबालिकाको आमाबुबासमक्ष राम्रोसँग पुग्न सकियोस् भनी हामीले सपोर्ट सर्भिस सेन्टर फर एथनिक माइनोरिटीसँग सहकार्य गरी होम एफेयर्स डिपार्टमेन्टको कोष लगानीमा ब्रिफिंग सेसनहरूको आयोजना गरेका छौं । यसको लक्ष्य भनेको भर्ना प्रक्रियाको सम्बन्धमा उनीहरूको बुझाइ बढाउनु र पूर्ण चिनिया वातावारणप्रति सुरुदेखि नै सम्पर्क वृद्धि गर्न आफ्नो बालबालिकालाई स्थानीय किन्डरगार्टेनमा पठाउन उनीहरूलाई प्रोत्साहित गर्नु हो ।

| | |
|---|---|
| भविष्यको कामको लेखाजोखा | • विशेषगरी चिनियाँ भाषा नबोल्ने विधार्थीहरूको विविधताको असल अभ्यासहरूलाई संकलन तथा प्रसार गर्न पाठ्यक्रम विकास भ्रमणहरू थाहा लक्षित समूह अन्तर्वार्ताहरूको संचालनलाई निरन्तरता दिइनेछ। |
| उठाईएका/उठाइने अतिरिक्त कदमहरु | • सन् 2017/18 को स्कूल वर्षबाट सुरु हुनेगरी किन्डरगार्टेन शिक्षा नीतिको कार्यान्वयनसँगै गैर चिनिया भाषी विद्यार्थीहरुलाई सहयोग गर्नको लागि आठ वा सोभन्दा बढी विद्यार्थीहरू भर्ना गर्ने किन्डरगार्टेनहरूलाई एउटा शिक्षकको तलब बराबरको अनुदान प्रदान गरिनेछ । सन् 2019/20 स्कूल वर्षबाट सुरु हुनेगरी भर्ना भएका गैर चिनिया भाषी विद्यार्थीहरूको सङ्ख्या अनुरुप किन्डरगार्टेन शिक्षा योजनामा संलग्न हुने किन्डरगार्टेनहरूको लागि पाँच तहको |

अनुदान प्रदान गरिनेछ । एक गैर चिनिया भाषी विद्यार्थी भर्ना गर्ने किन्डरगार्टेनहरूले पनि अनुदान प्राप्त गर्नेछन् र सबभन्दा माथिल्लो तहको लागि अनुदानलाई दुईगुना बनाइनेछ । किन्डरगार्टेनहरूमा गैर चिनिया भाषी बालबालिकाहरूलाई सहयोग गर्ने कार्यरत शिक्षकहरूको लागि पेशागत विकास अभिवृद्धि गरिनेछ ।

## चिनी भाषा नबोल्ने विद्यार्थीहरू तथा उनीहरुको अभिभावकहरूको लागि सूचना

| | |
|---|---|
| सम्बन्धित सेवाहरू | • यसको उद्देश्य भनेको गैर चिनियाभाषी विद्यार्थीहरू र उनीहरूको बाबुआमालाई हंगकंगको स्थानीय शिक्षा प्रणाली, प्रमुख शिक्षा नीतिहरू र सम्बन्धित शिक्षा सेवाहरूबारे बुझ्न मद्दत गर्नु र विद्यालयहरूबारे राम्रो जानकारी हासिल गरी उपयुक्त विद्यालयको छनौट गर्न गैर चिनिया भाषी विद्यार्थीहरूको बाबुआमालाई सजिलो बनाउनु हो । |
| विद्यमान उपायहरू | *चिनी भाषा नबोल्ने विद्यार्थीहरूको अभिभावकहरूको विद्यालय छनौटको विस्तार*<br><br>• सन् 2013/14 को स्कूल वर्षदेखि EDB ले कथित "खास विद्यालयहरू"[4] प्रणाली खारेज गरेको छ । यसको उद्देश्य भनेको असमान "खास विद्यालयहरू" हटाउने र चिनिया भाषा सिक्ने गैर चिनिया विद्यार्थीहरूको सहयोगको लागि विद्यालयहरूको सचेतना बढाउनु हो । माथि उल्लेख गरिएको सुदृढ सहयोग उपायहरूको कार्यान्वयनसँगै गैर चिनिया भाषी विद्यार्थीहरू भर्ना गर्ने सार्वजनिक क्षेत्र र DSS विद्यालयहरू क्रमिकरुपमा बढेको छ, जुन सन् |

[4] सन् 2006/07 देखि सन् 2012/13 सम्म ठुलो संख्यामा NCS विद्यार्थी भर्ना गर्ने, NCS विद्यार्थीहरूको रेखदेखमा अनुभव भएका, विद्यालयमा आधारित सहयोग उपायहरू विकास गर्न EDB सँग साझेदारी गर्न र अन्य विद्यालयहरूसँग अनुभवहरू साटासाट गर्न  तयार विद्यालयहरूलाई विशेष अनुदान प्रदान गरियो । ती स्कूलहरूलाई साधारणतया कथित "खास विद्यालयहरू" भनेर चिनिन्थ्यो ।

2013/14 स्कूल वर्षमा 590 थियो भने सन् 2018/19 स्कूल वर्षमा करिब 630 पुगेको छ । यो समग्र विद्यालयहरूको करिब दुईतिहाइ हो । यसले के देखाउँछ भने गैर चिनिया भाषी विद्यार्थीहरूको बुबाआमाको विद्यालय छनौटलाई यस नयाँ सहयोग माध्यम र उपायले वृहत बनाएको छ ।

*जानकारीको प्रसार*

- गैर चिनिया भाषी बाबुआमा जानकारी प्याकेज : गैर चिनियाभाषी विद्यार्थी र उनीहरूको बुबाआमाहरूलाई गरिने सहयोग बलियो बनाउन प्रमुख EM भाषाहरूमा प्रकाशित योर गाइड टु एजुकेशन इन हंगकंग (जानकारी प्याकेज) पुस्तिका क्षेत्रीय शिक्षा कार्यालयहरू, विद्यालयमा रहेका वितरण शाखाहरू र EDB को प्लेसमेन्ट तथा सपोर्ट सेक्सन, सबै जिल्लाहरूमा रहेका अभिभावक-शिक्षक संगठनहरूको महासंघ, स्वास्थ्य विभागमा रहेका मातृशिशु स्वास्थ्य केन्द्रहरू, गृह मामिला सोधपुछ केन्द्रहरू र गृह मामिला विभागको जातीय अल्पसंख्यकहरूको सहयोग सेवा केन्द्रहरू र सम्बन्धित महावाणिज्यदूतको अफिसमार्फत् गैर चिनिया भाषी विद्यार्थीहरूको बाबुआमालाई प्रदान गरिएको छ ।

- सम्पूर्ण सान्दर्भिक जानकारी (अन्य सहित, प्राथमिक १ तथा माध्यमिक १ मा भर्ना र विद्यार्थी वित्तीय सहायतायोजनाको घरायसी उपयोग समेत) अंग्रेजी र चिनियाँ भाषामा प्रकाशित गरी जातीय अल्पसंख्यकहरूको मुख्य भाषाहरूमा अनुवाद गरी चिनी भाषा नबोल्ने विद्यार्थी र उनीहरूका अभिभावकहरूलाई प्रदान गरिएको छ।

- सहयोगका उपायहरूमा परिचित गराउन (सिकाइ ढाँचाको कार्यान्वयनसमेत) र सरकारी क्षेत्रका विद्यालयहरूको

आधारभूत तहमा (अर्थात् प्राइमरी १ र सेकेण्डरी १) भर्नाबारे जानकारी प्रवाह गर्न गैर चिनिया भाषी विद्यार्थीका बाबुआमाको लागि प्रमुख EM भाषाहरूमा एकैसाथ दोभाषे सेवाहरूसहित खास ब्रिफिंग सेसनहरू आयोजना गरिनेछ ।

- 2015/16 को स्कूल बर्षदेखि होम स्कूल सहसंचालन समितिले अपर किन्डरगार्टेन र प्राइमरी ६ तहमा अध्ययनरत गैर चिनिया भाषी विद्यार्थीहरूको आमाबाबुहरूलाई विद्यालयको प्रोफाइलमा रहेको जानकारी सजिलै प्राप्त होस् भनी किन्डरगार्टेन र प्राथमिक विद्यालयहरूमार्फत् वितरण गर्न स्कूल फ्रोफाइलको अंग्रेजी छपाई गरी प्रकाशित गर्यो । विद्यालय छनौटको सम्बन्धमा बाबुआमालाई थप विस्तृत जानकारी दिन सन् 2018/19 स्कूल बर्षबाट सुरु हुनेगरी गैर चिनिया भाषी विद्यार्थीहरूको लागि सान्दर्भिक सहयोगमा विद्यालयहरूले जानकारी प्रदान गर्न विद्यालयको प्रोफाइलमा "गैर चिनिया विद्यार्थीहरूको लागि शैक्षिक सहयोग" शीर्षकमा छुट्टै कोलम थपिएको छ । स्थानीय पाठ्यक्रम प्रदान गर्ने र यसको लागि अतिरिक्त कोष प्रदान गरिएका सबै सार्वजनिक विद्यालय र DSS विद्यालयहरूले उक्त अतिरिक्त सहयोगको बारेमा र चिनिया भाषा सिकिरहेका गैर चिनिया भाषी विद्यार्थीहरूको लागि प्रदान गरिएको विद्यालय पछिको सहयोग समेत खुलाउनुपर्नेछ । सन् 2019/20 स्कूल बर्षबाट सुरु हुनेगरी सम्बन्धित विद्यालयहरूले EDB ले तोकेबमोजिमको नयाँ कोलममा सान्दर्भिक सहयोग उपायहरूमा विस्तृत विवरण उपलब्ध गराउनेछन् ।

*संचार सहजीकरणका अन्य उपायहरू*

- उपलब्ध शिक्षा सेवाहरूको बारेमा चिनी भाषा नबोल्ने

विद्यार्थीहरुको अभिभावकको बुझाइमा सहजीकरण गर्न एउटा समर्पित वेबसाइट https/www.edb.gov.hk/ncs मा उपलब्ध छ ।

- दैनिक सोधपुछका लागि सोधपुछ हटलाइन सेवा उपलब्ध छ र सोधपुछ गर्ने व्यक्ति, शिक्षा ब्यूरो र अल्पसंख्यक बासिन्दाको सद्भाव तथा सुधार केन्द्र (सीएचईईआर), सरकारबाट आर्थिक सहयोग पाप्त सहायता सेवा केन्द्रबीच टेलिफोन कन्फेरेन्सको माध्यमद्वारा दोभाषे सेवा जुलाई 2010 देखि उपलब्ध रहेको छ ।

भविष्यको कामको लेखाजोखा

- किन्डरगार्टेनमा विद्यार्थी भर्ना विद्यालयमा आधारित हुने कुरा निरन्तर रहने हुन्छ र आवेदन फाराम र सान्दर्भिक जानकारी चिनिया र अंग्रेजी दुवै भाषामा प्रदान गरिनुपर्ने कुरा किन्डरगार्टेन मनन् गर्नुपर्नेछ । यस सम्बन्धमा EDB ले किन्डरगार्टेनहरूलाई सन्दर्भको लागि सम्बन्धित कागजातहरूको दोभाषे ढाँचा उपलब्ध गराएको छ ।

उठाईएका/उठाइने अतिरिक्त कदमहरु

*प्रारम्भिक बालविकासमा भर्ना*

- किन्डरगार्टेनमा विद्यार्थी भर्ना विद्यालयमा आधारित हुने कुरा निरन्तर रहने हुन्छ र आवेदन फाराम र सान्दर्भिक जानकारी चिनिया र अंग्रेजी दुवै भाषामा प्रदान गरिनुपर्ने कुरा किन्डरगार्टेन मनन् गर्नुपर्नेछ । यस सम्बन्धमा EDB ले किन्डरगार्टेनहरूलाई सन्दर्भको लागि सम्बन्धित कागजातहरूको दोभाषे ढाँचा उपलब्ध गराएको छ ।

- विद्यालयहरूलाई चित्र सिर्जना गर्ने कुरामा स्मरण गराउन वा विद्यालयको वेबसाइटको होमपेजमा अंग्रेजीमा सरल सन्देश राख्न EDB ले स्मरण पत्र जारी गरी परिपत्र गरेको छ जसले विद्यालयको होमपेजमा खोज्ने बित्तिकै कसरी

जानकारीहरू अंग्रेजीमा प्राप्त गर्ने भन्ने कुरा तत्काल थाहा पाउन सकून् ।  त्यसैगरी EDB ले उपलब्ध गराएको सम्बन्धित जानकारीहरूमा गैर चिनिया भाषी बालबालिकाहरूको आमाबुबाले सजिलै पहुँच पाउने कुरामा मद्दत गर्न किन्डरगार्टेनहरूले स्कूलको वेबपेजमा EDB को वेबपेजको अंग्रेजी संस्करणको लिंक उपलब्ध गराउनुपर्छ । गैर चिनिया भाषी बालबालिकाहरूको आमाबाबुलाई उनीहरूले आवश्यकता अनुसार दोभाषे वा अनुवाद सेवाको प्रयोग गर्नसक्ने वा वार्तालापमा सहजीकरण गर्न उनीहरूले चिनिया भाषा बोल्ने नातेदार वा साथीको सहयोग पनि लिनसक्ने बारेमा जानकारी दिन किन्डरगार्टेनले पहल थाल्नुपर्ने कुराको पनि स्मरण गराइन्छ ।

- विद्यालय छनौट गर्दा सन्दर्भको रुपमा बाबुआमाको लागि हरेक किन्डरगार्टेनमा जानकारी उपलब्ध गराउन किन्डरगार्टेन र किन्डरगार्टेन सहितको बाल स्याहार केन्द्रहरूको प्रोफाइल बार्षिक रुपमा चिनिया र अंग्रेजी दुवै भाषामा प्रकाशित गरिँदै आइएको छ । 2018 बाट सुरु हुनेगरी किन्डरगार्टेनको प्रोफाइलमा गैर चिनिया भाषी विद्यार्थीहरूलाई प्रदान गरिएको सहयोग उल्लेख गर्न "गैर चिनिया भाषी विद्यार्थीहरूलाई सहयोग" शीर्षकमा नयाँ कोलम समावेश गरिएको छ ।

- सन् 2018 को सेप्टेम्बरबाट सुरु हुनेगरी गैर चिनिया भाषी बालबालिकाहरूको आमाबाबुलाई किन्डरगार्टेनमा भर्नासम्बन्धी जानकारी लिन उनीहरूले सोध्ने कुरालाई सहज बनाउन EDB ले हटलाइन (टेलिफोन नम्बर 2892 6676) स्थापना गरेको छ ।

- अझ समावेशी विद्यालय वातावारण सिर्जना गर्ने हेतुले

प्रारम्भिक बालविकासको दैनिक सम्पर्कमा आउने चिनी भाषा नबोल्ने बिद्यार्थीका अभिभावकलाई उनीहरूको सरोकार अभिव्यक्त गर्न अडियो फाइल सहितका क्यू कार्डहरू जातीय अल्पसंख्यकका प्रमुख भाषाहरूमा अनुवाद गरिएको छ ।

- संगिक प्रचार सामग्रीहरू (जस्तै पुस्तिका, पोस्टर, आवेदन फाराम र "बालवाडी भर्नाका लागि दर्ता प्रमाणपत्रको लागि आवेदन" मा निर्देशन नोट्स, साथै टेलिभिजन घोषणाहरूको उपशीर्षकहरू) एनसीएस बच्चाहरूको अभिभावकले सन्दर्भका लागि प्रमुख ईएम भाषाहरूमा अनुवाद गरिएको छ।

- चिनी भाषा नबोल्ने विद्यार्थीहरूको अभिभावकलाई जानकारी प्रसार गर्न जातीय अल्पसंख्यकलाई सेवा पुर्याइरहेका गैरसरकारी संस्थाहरूको संजाललाई प्रयोग गर्ने उद्देश्यका साथ ती गैरसरकारी संस्थाहरूलाई प्रारम्भिक बालविकास केन्द्रहरूमा हुने भर्ना प्रक्रियाका बारेमा अभिमुखीकरण कार्यक्रम आयोजना गरियो । विद्यार्थी भर्नाको क्रममा समान अवसरको बारेमा जानकारी दिनको लागि समान अवसर आयोगलाई आमन्त्रण गरिएको थियो ।

- यदि कुनै गैर चिनिया भाषी बालबालिकाले भर्नाको लागि आवेदन दिन कठिनाइको सामना गर्नुपरेमा EDB ले किन्डरगार्टेन शिक्षा योजनामा संलग्न किन्डरगार्टेनहरूमा अझै पनि ठाउँ खाली भएको अवस्थामा उपयुक्त हुनेगरी सिफारिस प्रेषण गर्नेछ ।

- चिनी भाषा नबोल्ने विद्यार्थीहरूका अभिभावकसँगको संचार

अभिवृद्धि गर्न प्रारम्भिक शिशु शिक्षा केन्द्रहरूलाई सहयोग गर्नका लागि प्रारम्भिक शिशु शिक्षा केन्द्रहरूले अभिभावकहरूसँग संचारका लागि प्रयोग गर्ने परिपत्रको ढाँचालाई अंग्रेजी तथा जातीय अल्पसंख्यक प्रमुख भाषाहरूमा अनुवाद गरिएको छ र शिक्षा ब्यूरोको वेबसाइटमा राखिएको छ ।

**निष्कर्ष**

आवश्यकता अनुसार हामी माथि उल्लेखित उपायहरू अद्यावधिक गर्नेछौं र नयाँ उपायहरू पनि थप्नेछौं ।

**सोधपुछ**

थप जानकारीका लागि कृपया शिक्षा ब्यूरो एसइओ (इसी) लाई 3509 8561 मा सम्पर्क राख्नुहोला ।

**शिक्षा ब्यूरो**
**जुलाई 2019**